सबैको व्यक्तिगत घटना दर्ता गराऔँ ।
व्यक्तिगत घटना दर्ता दशक (सन् २०१५-२०२४) सफल पारौँ ।

- नेपाल सरकार

civil registration

# व्यक्तिगत घटना दर्तासम्बन्धी

## जानकारी पुस्तिका

LACC

OXFAM

सबैको व्यक्तिगत घटना दर्ता गराऔँ ।
व्यक्तिगत घटना दर्ता दशक (सन् २०१५-२०२४) सफल पारौँ ।

\- नेपाल सरकार

civil registration

# व्यक्तिगत घटना दर्तासम्बन्धी

## जानकारी पुस्तिका

LACC

OXFAM

© अक्सफाम नेपाल

सम्पादन
रघुनाथ लामिछाने

प्रकाशन मिति
२०७४ पुस

प्रकाशक
अक्सफाम

डिजाइन
मिडिया क्याफे प्रालि

(यसमा समेटिएका सामग्री जन्म, मृत्यु तथा व्यक्तिगत घटना (दर्ता गर्ने) नियमावली २०३४ मा आधारित छन् ।)

# पुस्तिका किन ?

१२ वैशाख, २०७२ मा आएको भूकम्पपश्चात् अक्सफामले स्थानीय संस्थाहरूसँग साझेदारीमा काठमाडौँ, ललितपुर, भक्तपुर, धादिङ, नुवाकोट, गोरखा तथा सिन्धुपाल्चोकमा विशेष कार्यक्रम सञ्चालन गरेको थियो । भूकम्पका कारण अति जोखिममा परेका समुदायलाई राहत वितरण गर्ने बेलादेखि नै विभिन्न समस्या देखापरे । त्यसमध्ये एउटा थियो- व्यक्तिगत घटना दर्ता नहुनु ।

व्यक्तिगत घटना दर्ता नभएकै कारण कतिपयले पढ्नसमेत नपाएका र कतिपयले चाहिँ नागरिकता पाउनमा समेत कठिनाइ भोगेका देखियो । जसको असर भूकम्पबाट प्रभावित भएबापत पाइने सुविधाबाट वञ्चित हुनुपर्ने अवस्थासँग जोडियो । खासगरी अभिभावक गुमाएका बालबालिकालाई यो समस्याले बढी नै असर पार्‍यो ।

यस्तो अवस्थामा अक्सफाम कानुनी सहयोग तथा परामर्श केन्द्र (ल्याक) र जिल्लास्थित स्थानीय साझेदारहरूको सहकार्यमा घटना दर्ताको सवालमा वकालत गर्नैपर्ने निर्णयमा पुग्यो । यो पुस्तिका भूकम्प प्रभावित क्षेत्रका तिनै जोखिम तथा सीमान्तकृत अवस्थामा रहेका प्रभावितलाई जानकारी गराउने उद्देश्यले तयार पारिएको हो।

**ल्याक,**
**अक्सफाम**

# विषय सूची


१. व्यक्तिगत घटना दर्ता भनेको के हो ?................................ ७

२. कहिले दर्ता गराउने ? (समय अवधि) ..............................८

३. दर्ता शुल्क लाग्छ कि लाग्दैन ? ....................................८

४. व्यक्तिगत घटना कसले दर्ता गराउने ? ..............................८

५. यो पनि थाहा पाइराखौँ ........................................... ९

६. व्यक्तिगत घटना दर्ताको प्रक्रिया....................................१०

७. व्यक्तिगत घटना दर्ता कति प्रकारका हुन्छन् ?......................११

८. क्षेत्राधिकार ...........................................................१७

९. दण्ड सजाय .........................................................१७

# १. व्यक्तिगत घटना दर्ता भनेको के हो ?

मानिसको जीवनमा हुने व्यक्तिगत घटना (जस्तै- कुनै व्यक्तिको जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद तथा बसाइँ सराइ) लाई वडा कार्यालयमा रहेको स्थानीय पञ्जिकाधिकारी (तोकिएको अधिकारी) समक्ष गई दर्ता गराइ प्रमाणपत्र लिने कार्यलाई व्यक्तिगत घटना दर्ता भनिन्छ।

## स्थानीय पञ्जिकाधिकारी कसलाई भनिन्छ ?

वडा सचिव वा वडा सचिव नभएको अवस्थामा पञ्जिकाधिकारीको सहमतिमा सचिवले तोकेको स्थानीय कर्मचारी।

नेपालमा व्यक्तिगत घटना दर्ताको सुरुवात सन् १९६० को दशकमा तथ्याङ्क विभागले काठमाडौंका केही गाउँ पञ्चायतबाट गरेको हो। जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता ऐन), २०३३ को कार्यान्वयन वि.सं. २०३४ वैशाख १ गतेबाट भएको हो। गृह पञ्चायत मन्त्रालयको विभाग स्तरको कार्यालयमार्फत विधिवत सुरु भई देशव्यापीरूपमा लागु भएको थियो। २०७१ साल चैत ११ गतेदेखि भने केन्द्रीय पञ्जीकरण विभाग गठन भई त्यसै कार्यालयमार्फत यस्तो काम हुँदै आएको छ।

## पढायो जन्म दर्ताले

मानबहादुर मगरको परिवारै भारतमा काम गरेर बस्थे। दुई वर्षअघि उनीहरू नवलपरासी जिल्लाको सुस्ता गाउँपालिका-१ छिवनीमा बस्न आए। उनीहरूका ४ छोराछोरी थिए। केही समयपछि उनीहरूकी आमा दोस्रो बिहे गरेर भारतै गइन्। बाबुले काम गरेर बालबच्चा हुर्काउन थाले। यस क्रममा २ छोरा र २ छोरीमध्ये ३ जना ठूलै भइसकेकाले विद्यालय भर्ना गर्न भनेर गाउँकै राष्ट्रिय माविमा पुगे। विद्यालयले भर्नाका लागि बच्चाहरूको जन्म दर्ता प्रमाणपत्र माग्यो। तर उनले दर्ता गराएकै थिएनन्। न त दर्ता गर्ने प्रक्रिया नै थाहा थियो।

त्यसपछि उनी गाउँमै कार्यरत महिला अधिकार मञ्चका पदाधिकारीसमक्ष पुगे र जन्म दर्ता गर्ने प्रक्रिया सोधे। त्यसपछि उनीहरूकै सहयोगमा दर्ता पनि गराए। जन्म दर्ता प्रमाणपत्र पाएपछि उनका तीनैजना छोराछोरी विद्यालय भर्ना भई पढ्न पाए।

## २. कहिले दर्ता गराउने ? (समय अवधि)

घटना भएको ३५ दिनभित्र तोकिएबमोजिमको फारम भरी स्थानीय पञ्जिकाधिकारी (तोकिएको अधिकारी) लाई जानकारी दिनुपर्नेछ। सोही सूचनाका आधारमा फारमको सूचना, सहीछाप, ल्याप्चे लगाएको छ/छैन जाँच गरी त्यस्तो घटना सम्बन्धित दर्ता किताबमा दर्ता गर्नुपर्छ। यदि व्यक्तिगत घटना नेपालबाहिर भएको भए सो घटनाको सूचना नेपाल आएको ६० दिनभित्र दिनुपर्छ। यसरी आएको सूचना दर्ता गर्नासाथ दर्ताको प्रमाणपत्र दिनुपर्छ।

## ३. दर्ता शुल्क लाग्छ कि लाग्दैन ?

घटना भएको ३५ दिनभित्र दर्ता गराएमा शुल्क लाग्दैन। उक्त म्याद नाघेको ३५ दिनभित्र दर्ता गराएमा भने ८ रुपियाँ शुल्क लाग्नेछ। सो म्यादपछि दर्ता गर्न आएमा बढीमा ५० रुपियाँसम्म जरिवाना तिरी दर्ता गराउन पाइन्छ।

## ४. व्यक्तिगत घटना कसले दर्ता गराउने ?

जन्म तथा मृत्यु : परिवारको मुख्य व्यक्ति (परिवारको पालनपोषण गर्ने व्यक्ति) र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको (१६ वर्ष पूरा भएको) व्यक्तिले।

## यसरी गरियो विवाह दर्ता

दुई बच्चा भइसकेपछि श्रीमान्‌ले ममाथि सौता हाले। खान/लाउन पनि दिएनन्। म बसिरहेको जग्गासमेत अरुलाई नै बेचेर सो ठाउँबाट चितवन बसाइँ सरे। त्यसपछि म अलपत्र परेँ। यत्तिकैमा आफन्तमार्फत महिला अधिकारका क्षेत्रमा काम गर्ने दिदीबहिनीको सम्पर्कमा पुगेँ र आफूलाई परेको अन्याय सुनाएँ। अनि उनीहरूकै सहयोगमा श्रीमान्‌विरुद्ध मुद्दा हाल्ने तयारी भयो। तर मसँग त्यसका लागि चाहिने नागरिकता थिएन। नागरिकता बनाउन विवाह दर्ता प्रमाणपत्र चाहिने रहेछ, त्यो पनि थिएन। त्यसपछि उहाँहरूकै सहयोगमा प्रहरीमा उजुरी हालेँ। अनि प्रहरीले श्रीमान्‌लाई झिकाइदियो र विवाह दर्ता गरेँ। त्यसैका आधारमा नागरिकता बन्यो। र, यी कागजातका आधारमा उसैलाई अंश मुद्दा हालेको छु जुन अहिले जिल्ला अदालतमा चलिरहेको छ।

त्यतिमात्र हैन, आफ्नो नागरिकता भएपछि त्यसै आधारमा दुई छोरा र एक छोरीको जन्म दर्तासमेत गराएँ। जन्म दर्ता प्रमाणपत्रकै आधारमा भूकम्पपछि युनिसेफले ५ वर्षमुनिका बालकालिकालाई उपलब्ध गराउने ४-४ हजार रुपियाँसमेत पाएँ।

**रमा तामाङ**

जुडखेत, गजुरी गाउँपालिका-६, धादिङ

## ५. यो पनि थाहा पाइराखौँ

**व्यक्तिगत घटना दर्ता प्रमाणपत्र**

**प्रमाणपत्र विवरण सच्याउन सकिने**

दर्ता भइसकेको प्रमाणपत्रमा व्यक्तिगत घटनाको विवरण कुनै कारण परी सच्याउनुपरेमा निवेदन दिई नि :शुल्क सच्याउन सकिन्छ ।

**प्रमाणपत्रको नक्कल लिन सकिने**

प्राप्त प्रमाणपत्र कुनै प्रकारले जस्तै- प्रकोपमा (भूकम्प, बाढी पहिरो, दुर्घटना, आगलागी, द्वन्द्व वा अन्य कुनै काबु बाहिरको परिस्थितिमा परी) हराएमा वा नष्ट भएमा स्थानीय वडा कार्यालयमा रहेको पञ्जिकाधिकारी (तोकिएको अधिकारी) समक्ष तोकिएको शुल्क तिरी निवेदन दिई प्रतिलिपि प्राप्त गर्न सकिनेछ ।

## विवाह दर्ता गरेपछि

नवलपरासीस्थित गुठी पर्सौनी गाउँपालिकाको डिवनी गाउँका रामप्रित यादव शिक्षक हुन् । उनले कान्छी श्रीमती बिहे गरेपछि जेठीलाई बेवास्ता गर्न थाले । जेठी अलपत्र भइन् । के गर्ने के भन्ने अन्योलमा रहेका बेला छरछिमेकको सल्लाहअनुसार गाउँकै पारालिगल कमिटी रूपौलियामा पुगिन् समस्या लिएर । सबै कुरा सुनेपछि कमिटीका पदाधिकारीले अदालतमा मुद्दा हाल्न सुझाए ।

उनी अंशका लागि मुद्दा हाल्न तयार भइन् । तर झसङ्ग त्यतिबेला भइन् जतिबेला उनलाई मुद्दा हाल्न नागरिकता चाहिन्छ भन्ने जानकारी दिए कमिटीका पदाधिकारीले । नागरिकता बनाउने कुरा गर्दै जाँदा यसका लागि विवाह दर्ता प्रमाणपत्र चाहिने थाहा पाइन् । यो पनि उनीसँग थिएन । निकै निराश भइन् उनी । त्यसपछि कमिटीका पदाधिकारीकै सदस्यको पहलमा गाउँ विकास समिति (हालको वडा कार्यालय) मा गएर उनको विवाह दर्ता गराइयो । विवाह दर्ता प्रमाणपत्रकै आधारमा नागरिकताको प्रमाणपत्र बनाइयो । अनि यही प्रमाणपत्रका आधारमा मुद्दा हालिन् र जितिन् पनि । जब उनले मुद्दा जितेर श्रीमान्सँग अंश पाइन्, श्रीमान्सँग मिलन पनि भयो । अहिले श्रीमान्ले पनि हेरविचार गर्न थालेका छन् भने सम्बन्ध पहिलेजस्तै राम्रो छ ।

## ६. व्यक्तिगत घटना दर्ताको प्रक्रिया

### व्यक्तिगत घटना कति दिनभित्र दर्ता गर्ने ?

व्यक्तिगत घटना भएको ३५ दिनभित्र दर्ता गराउने

### व्यक्तिगत घटना दर्ता गर्न कहाँ र कोसमक्ष निवेदन दिने ?

सम्बन्धित वडा कार्यालयमा रहने पञ्जिकाधिकारीसमक्ष निवेदन दिने र प्रमाणपत्र प्राप्त गर्ने

### व्यक्तिगत घटना दर्ता गर्न शुल्क तिर्नुपर्छ वा पर्दैन ?

व्यक्तिगत घटना ३५ दिनभित्र दर्ता गराउँदा कुनै दस्तुर तिर्नु नपर्ने तर म्याद नाघी दर्ता गर्न गएमा कम्तीमा रु. ८ र बढीमा रु. ५०।- लाग्नेछ ।

### व्यक्तिगत घटना दर्ता कसले गराउने ?

जन्म र मृत्यु : परिवारका मुख्य व्यक्तिले र मुख्य व्यक्तिको अनुपस्थितिमा उमेर पुगेका परिवारका सदस्यले ।

विवाह : श्रीमान् श्रीमती दुवैले ।

सम्बन्ध विच्छेदको सूचना : श्रीमान् वा श्रीमतीले ।

बसाइँसराइको सूचना : बसाइँ सर्ने परिवारको मुख्य व्यक्तिले र परिवार नभए बसाइँसराइ गर्ने व्यक्तिले ।

### जानिराखौँ

एक जिल्लाबाट अर्को जिल्लामा बसाइँ सराइ गरी जाने व्यक्तिको बसाइँ सराइको प्रमाणपत्र लिएको मितिले ३५ दिनभित्र बसाइँ सराइ भई जाने जिल्लाको स्थानीय पञ्जिकाधिकारीको कार्यालयमा पेश गरिसक्नुपर्ने नियम छ । सोका आधारमा स्थानीय पञ्जिकाधिकारीले बसाइँ सरिआएको प्रमाणपत्र दिनुपर्छ ।

विवाह : श्रीमान्/श्रीमती दुवैले ।

सम्बन्ध विच्छेदको सूचना : श्रीमान् वा श्रीमतीले ।

बसाइँसराइको सूचना : बसाइँ सर्ने परिवारको मुख्य व्यक्ति (परिवारको पालनपोषण गर्ने व्यक्ति) ले र परिवार नभए बसाइँसराइ गर्ने व्यक्तिले ।

यसबारे विस्तृतमा पछाडि हेर्नुहोस् ।

## ७. व्यक्तिगत घटना दर्ता कति प्रकारका हुन्छन् ?

जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता ऐन), २०३३ बमोजिम दर्ता गर्नुपर्ने व्यक्तिगत घटना निम्न प्रकारका हुन्छन् :

### • जन्म दर्ता :

नेपालको संविधान २०७२ ले प्रत्येक बालबालिकालाई आफ्नो पहिचानसहित नामाकरण र जन्म दर्ताको हक हुनेछ भनी जन्म दर्तालाई मौलिक हकका रूपमा व्यवस्था गरेको छ । बच्चाको जन्म दर्ता उसको जन्मसिद्ध अधिकार हो । उसको परिवारसँगको नाता प्रमाणित (किटान) गर्ने सबैभन्दा महत्त्वपूर्ण दस्तावेज नै जन्म दर्ता हो । जन्म दर्ताले व्यक्तिको कानुनी, पारिवारिक तथा शैक्षिक अधिकारहरू सुनिश्चित गर्छ । नागरिकता प्राप्तिमा सहज हुनुका साथै राष्ट्रको वास्तविक जनसङ्ख्यासम्बन्धी तथ्याङ्क राख्नसमेत मद्दत पुग्छ ।

## सुकुमबासीको घटना दर्ता व्यवस्था

- अन्य गापा/नपाबाट बसाइँ सराइ दर्ता प्रमाणपत्र लिएर आएका सम्बन्धित गापा/नपामा स्थायीरूपमा घर जग्गा नभई अस्थायीरूपमा बसोबास गरिरहेका नागरिकको हकमा सम्बन्धित गापा/नपाले आफ्नो क्षेत्रमा त्यसरी बसोबास गर्ने परिवारको लगत राखी बसाइँसराइ दर्ता गरी प्रमाणपत्र दिन सक्ने व्यवस्था छ ।

- सुकुमबासी वा मुक्त कमैयाका रूपमा गापा वा नपामा बसोबास गरेका नागरिकको सम्बन्धित गापा वा नपाले पारिवारिकरूपमा लगत तयार गरेर निजहरूको व्यक्तिगत घटना दर्ता गर्न सक्छन् ।

# दर्ता गर्नुपर्ने व्यक्तिगत घटनाहरू



जन्म



मृत्यु



विवाह



बसाइँसराइ



सम्बन्ध विच्छेद

## जन्म दर्ताको आवश्यकता

- नागरिकता प्राप्त गर्न
- सम्पत्तिसम्बन्धी हक सुनिश्चतताका लागि
- बाल न्यायको सुविधा प्राप्त गर्न
- विद्यालयमा भर्ना हुन तथा परीक्षामा सहभागी हुन
- ब्याङ्कमा खाता खोल्न
- छात्रवृत्ति प्राप्त गर्न
- परिवारका सदस्यसँग नाता प्रमाणित गर्न

## • विवाह दर्ता :

श्रीमान् र श्रीमतीको नाता स्थापित तथा प्रमाणित गर्ने सबैभन्दा महत्त्वपूर्ण दस्तावेज नै विवाह दर्ता हो। कानुनी तथा पारिवारिक अधिकार सुनिश्चित गर्नका लागि विवाह दर्ताको महत्त्वपूर्ण भूमिका छ। विवाह दर्ताले श्रीमान्को नामबाट नागरिकता प्राप्त गर्नसमेत सजिलो हुन्छ। बहुविवाह, ढाँटी विवाह आदि नियन्त्रण गर्न, त्यस्तो विवाह गर्नेलाई सजाय दिलाउन तथा आफ्नो सम्पत्तिसम्बन्धी अधिकार सुनिश्चितताका लागिसमेत विवाह दर्ता गर्नु आवश्यक छ। आफ्नो सन्तानको जन्म दर्ता गराउन पनि विवाह दर्ता गराउनुपर्छ।

## श्रीमान्ले विवाह दर्ता गर्न इन्कार गरेमा के गर्ने ?

जिल्ला अदालतमा गई अंश, मानाचामल, घरेलु हिंसा जस्ता विषयमा मुद्दा हाल्नुपर्छ। अदालतले मुद्दा फैसला गर्दै नाता कायम गरिदिएपछि त्यही पत्रका आधारमा विवाह दर्ता गर्नुपर्छ।

## लहरो तान्दा पहरो...

भूकम्पपछि युनिसेफले पोषणका लागि ५ वर्षमुनिका बालबालिकालाई प्रतिव्यक्ति ४ हजार रुपियाँ दिने भयो। त्यो कुरा थाहा पाएपछि धादिङको बसेरी गाउँपालिकाकी सुनिता श्रेष्ठ पनि आफ्नो बच्चा लिएर उक्त सहयोग लिन गइन्। तर यस्तो सहयोग ल्याउन बालबालिकाको जन्म दर्ता प्रमाणपत्र ल्याउन भनियो। जुन उनीसँग थिएन।

त्यसपछि उनी त्यहीँको महिला सञ्जालकी अध्यक्ष सरस्वती दाहालसँग सल्लाह लिन पुगिन्। उनले नागरिकता लिएर आउनू, म जन्म दर्ता गराइदिन्छु भनिन्। नागरिकता पनि थिएन उनीसँग। नागरिकता बनाइदेऊ भन्दा अर्की श्रीमती लिएर छुट्टै बसेका श्रीमान्ले मानेनन्। त्यसपछि सरस्वतीहरूकै दबाबमा सुनिताका श्रीमान्लाई बोलाइयो र नागरिकता बनाइयो। यसरी सुनिताको एकैपटक विवाह दर्ता र नागरिकता बन्यो भने यिनै कागजातका आधारमा छोराछोरीको जन्म दर्ता पनि भयो। त्यसपछि उनले पोषण सहयोगबापतको रकम पनि पाइन्।

## बेपत्ता भएको व्यक्तिको विवाह दर्ता गर्न के गर्नुपर्छ ?

बेपत्ता भएको आधिकारिक प्रमाण, विवाहित महिलाको सासू वा ससुरा वा देवर वा जेठाजु भएमा निजमध्ये १ जनासमेत कम्तीमा ५ जना भएको स्थलगत सरजमिन मुचुल्काका आधारमा बेपत्ता भएका नागरिकको विवाह दर्ता गर्न सकिन्छ ।

## विवाह दर्ता गर्नुपर्ने कारण

- वैवाहिक नाता स्थापित गर्न
- सन्तानको जन्म दर्ता गर्न
- विवाहबाट स्थापित हुने हक अधिकार उपभोग गर्न (जस्तै- अंश हक, मानाचामल, अपुताली हक)
- कानुनी प्रक्रियामा जान (जस्तै- घरेलु हिंसाविरुद्धको हक, वैवाहिक बलात्कारविरुद्धको हक, बहुविवाहविरुद्धको हक)
- श्रीमान्‌तर्फबाट नागरिकता तथा राहदानी प्राप्त गर्न
- विधवा (एकल महिला) भत्ता प्राप्त गर्न
- पेन्सन हक प्राप्त गर्न (श्रीमान् वा श्रीमतीको मृत्युपछि)
- निर्वाचनसम्बन्धी परिचयपत्र बनाउन
- स्थायी ठेगाना कायम गर्न
- सरकारद्वारा उपलब्ध गराइने राहतलगायत सुविधा प्राप्त गर्न

## मृत्यु दर्ताको महत्त्व

माओवादी द्वन्द्वकालमा उनीहरूसँग नहिँडेको भनेर माओवादीले श्रीमान् र म दुवैजनालाई अपहरण गरे । हामीलाई तीन महिनापछि छाडियो । धेरै कुटपिट गरेकाले उपचार नलागी २०६६ सालमा श्रीमान्‌को मृत्यु भयो । एक छोरा र एक छोरी छन् । मैले नागरिकता बनाएको पनि थिइन । नागरिकता बनाउनुअघि श्रीमान्‌को मृत्यु दर्ता गराउनुपर्ने रहेछ । अनि देवरको सहयोगमा मृत्यु दर्ता गराएँ । त्यसकै आधारमा नागरिकता पनि बनाएँ । यिनै प्रमाणपत्रका आधारमा दुवै छोराछोरीको जन्म दर्ता पनि गराएको छु । साथै सरकारले एकल महिलालाई उपलब्ध गराउने मासिक भत्ता पनि पाइरहेको छु ।

**ज्ञानु बिसी**
एकल महिला
सिस्ने गाउँपालिका-७, सेलापाखा, रुकुम

## • बसाइँ सराइ दर्ता :

बसाइँ सराइ भन्नाले ६ महिनाभन्दा बढी अवधिका लागि नेपालभित्र एक गाउँपालिका/नगरपालिकाबाट अर्को गाउँपालिका/नगरपालिका वा विदेशमा बसाइँ सरी जाने वा विदेशबाट आउने कार्यलाई जनाउँछ। यसरी बसाइँ सराइ गर्दा अनिवार्यरूपमा वडा कार्यालय (गाउँपालिका/नगरपालिका/वडा कार्यालय) मा दर्ता गराउनुपर्छ। राज्यलाई बसाइँ सराइ र जनसङ्ख्यासम्बन्धी तथ्याङ्क तयार पार्न पनि बसाइँ सराइ दर्ता हुनु अत्यन्त महत्त्वपूर्ण हुन्छ।

### बसाइँसराइ दर्ता किन गर्ने ?

- आफू अन्य स्थानबाट बसाइँ सरी आएको कानुनी प्रमाणका लागि तथा बसाइँ सराइ गएको स्थानमा आफ्नो स्थायित्व कायम गर्न तथा ठेगाना कायम गर्न
- राज्यद्वारा प्रदान गरिने हक अधिकार दाबी गर्न (जस्तै- व्यक्तिगत घटना दर्ता गर्न, कानुनी क्षेत्राधिकार कायम गर्न, शैक्षिक अधिकार (छात्रवृत्ति आदि) उपभोग गर्न तथा बिजुली, पानी, टेलिफोन जस्ता सुविधा माग गर्न)
- राज्यद्वारा प्रदान गरिने सेवा सुविधा (जस्तै- सामाजिक सेवा सुविधा, भत्ता आदि) प्राप्त गर्न
- चुनावमा मतदान गर्न तथा उम्मेदवार बन्न

## यस्तो छ व्यवस्था

- सरकारले कर्णाली अञ्चलका तथा देशभरिका नवजात शिशुलाई ३५ दिनभित्र जन्म दर्ता गराएमा नगद प्रोत्साहन रु. १०००/- उपलब्ध गराउने निर्णय गरेको छ।

- नेपालले सन् २०२४ सम्ममा शतप्रतिशत जन्म दर्ता गर्ने प्रतिबद्धता अन्तर्राष्ट्रिय स्तरमा जनाएको छ।

- घटना दर्ता कार्यलाई अझ सहज बनाउनका लागि हाल २१५ एकाइबाट अनलाइन प्रणालीमार्फत घटना दर्ता भइरहेको छ। यसै वर्षभित्र ६०० स्थानबाट यो प्रणाली विस्तार गरिने योजना केन्द्रीय पञ्जीकरण विभागको छ। र, यो प्रणालीलाई विस्तारै सबै स्थानीय तहमा अनिवार्य गर्ने सोच पनि विभागले सार्वजनिक गरेको छ।

## • मृत्यु दर्ता :

कुनै व्यक्तिको मृत्यु भएपछि वडा कार्यालयमा रहेको पञ्जिकाधिकारी (तोकिएको अधिकारी) लाई सूचना दिई मृत्यु दर्ता गराउनुपर्छ। मृत्यु दर्ता प्रमाणपत्र नै मृतकको मृत्युसम्बन्धी कानुनी प्रमाण हो। मृत्यु दर्ता गरेपछि मृतकसँगको आफ्नो नाता सम्बन्ध प्रमाणित गर्न सजिलो हुन्छ। सोही नाता प्रमाणितका आधारमा सम्पत्ति नामसारी/हस्तान्तरणलगायतका हक अधिकार हस्तान्तरण गर्न सकिन्छ। मृत्यु र जनसङ्ख्यासम्बन्धी तथ्याङ्क तयार पार्न तथा जालसाजी र झुटा काम/कारबाही नियन्त्रणका लागिसमेत मृत्यु दर्ता गराउनुपर्छ।

### मृत्यु दर्ता गर्नुपर्ने कारण

- मृतकसँगको नाता प्रमाणित गर्न
- मृतकको नाममा रहेको सम्पत्ति नामसारी गर्न
- मृतकको नामबाट हुन सक्ने जालसाजी तथा अपराध रोक्न
- जनसङ्ख्यासम्बन्धी तथ्याङ्क आवधिक राख्न

## • सम्बन्ध विच्छेद दर्ता :

अदालतमा कानुनीरूपमा सम्बन्ध विच्छेद भएपछि फैसलाको नक्कल राखी वडा कार्यालयको पञ्जिकाधिकारी (तोकिएको अधिकारी) समक्ष तोकिएको फारम भरी दर्ता गराउनुपर्छ।

## जान्नुपर्ने कुरा

- अदालतले 'वादी समुदायका बालबालिकालगायत बाबुको ठेगान नलागेका सबै बालबालिकालाई बाबुको ठेगान नभएको भन्ने कारणले निजहरूको जन्म दर्ता गर्न इन्कार नगर्नू' भन्ने आदेश दिएको छ। यसैका आधारमा मन्त्रालयले'बाबुको ठेगान नलागेका बालबालिकाको जन्म दर्ता गर्न सूचना फारामको बाबुको विवरणको महलमा ठेगान नभएको बेहोरा लेखी आमाले सूचक भई जन्मको घटना दर्ता गर्न सक्ने'भन्ने परिपत्र गरेको छ।

## सम्बन्ध विच्छेद किन दर्ता गर्ने ?

- सम्बन्ध विच्छेदपश्चात नागरिकता, राहदानी बनाउन वा परिवर्तन गर्न
- दोस्रो विवाह गर्न तथा विवाह दर्ता गर्नका लागि
- एकल महिला सुरक्षा कोष प्राप्तिका लागि
- स्थायी ठेगाना कायम गर्नका लागि

## ८. क्षेत्राधिकार

- व्यक्तिगत घटना दर्ता सम्बन्धमा विवाद उत्पन्न भएमा त्यस्तो विवाद हेर्ने अधिकार क्षेत्र भएको निकायले मात्र मुद्दा हेर्न पाउँछ जसलाई क्षेत्राधिकार भनिन्छ। व्यक्तिगत घटना दर्तासम्बन्धी मुद्दा हेर्ने क्षेत्राधिकार प्रमुख जिल्ला अधिकारीलाई हुनेछ। यससम्बन्धी कारबाही विशेष अदालत ऐन २०३१ बमोजिमको कार्यविधि अपनाइ गरिनेछ। प्रमुख जिल्ला अधिकारीको निर्णयविरुद्ध उच्च अदालतमा पुनरावेदन लाग्नेछ। व्यक्तिगत घटना दर्तासम्बन्धी मुद्दाको वादी नेपाल सरकार हुनेछ।

## ९. दण्ड सजाय

(१) मागिएको विवरण वा सोधिएको प्रश्नावलीको जवाफ नदिनेलाई बढीमा ५० रुपियाँसम्म जरिवाना हुनेछ।

(२) कसैले अरूलाई दु :ख दिने वा व्यक्तिगत

## विस्थापित व्यक्तिहरूको घटना दर्ता व्यवस्था

सशस्त्र द्वन्दतथा विविध कारणबाट आन्तरिकरूपमा विस्थापित व्यक्तिलाई एक जिल्लाबाट अर्को जिल्लामा विस्थापित भएका व्यक्ति वा निजमा आश्रित परिवार द्वन्द्व वा अन्य कारणबाट विस्थापित भइआएको भनी जिल्ला प्रशासन कार्यालयबाट भएको सिफारिसका आधारमा बसाइँ सराइको हकमा स्थानीय आदिवासी/जनजाति समुदायको हक अधिकारमा प्रतिकूल असर नपर्ने गरी अस्थायी बसोबास गरेको स्थानको स्थानीय पञ्जिकाधिकारीको कार्यालयबाट व्यक्तिगत घटना दर्ता गर्न सकिने निर्णय सरकारले गरेको छ।

लाभ लिने नियतले व्यक्तिगत घटनाको झुटो सूचना दिएको प्रमाणित भएमा त्यस्तो सूचना दिने व्यक्तिलाई बढीमा १०० रुपियाँसम्म जरिवाना वा एक महिनासम्म कैद वा दुवै सजाय हुनेछ र त्यस्तो घटना दर्ता भइसकेको रहेछ भने सो दर्ता रद्द हुनेछ।

(३) कसैले आफ्नो जिम्मामा रहेको व्यक्तिगत घटनासम्बन्धी सूचना फारम वा दर्ता किताब वा परिवार लगत जानी–जानी नष्ट गरेमा वा व्यक्तिगत लाभ वा गलत कामका लागि प्रयोग गरेमा निजलाई तीन महिनासम्म कैद वा ३०० रुपियाँदेखि ६०० रुपियाँसम्म जरिवाना वा दुवै सजाय गर्न सकिनेछ।

(४) कसैले व्यक्तिगत घटना दर्ता गराउन आउने व्यक्तिलाई दर्ता गराउन रोकेको वा छेकथुन गरेको वा भड्काएको ठहरेमा निजलाई बढीमा २०० रुपियाँसम्म जरिवाना हुनेछ।

**दर्ताको मान्यता** : दर्ताको प्रमाणपत्र व्यक्तिगत घटना भएको छ भन्ने कुराको प्रमाण हुनेछ र त्यस्तो प्रमाण कुनै पनि कार्यालय र अदालतमा पेश गर्न तथा व्यक्तिगत कारोवारमा प्रयोग गर्न सकिनेछ।

अनुसूची १

व्यक्तिगत घटना दर्ताका लागि देहायबमोजिमका सूचक हुन सक्छन् ।

| व्यक्तिगत घटना | सूचक बन्न सक्ने व्यक्ति |
|---|---|
| जन्म | - बुबा-आमा, बाजे वा परिवारको मुख्य व्यक्ति र उनी नभए परिवारको उमेर पुगेको व्यक्ति<br>- धर्मपुत्र/पुत्रीको जन्म दर्ता गर्न कानुनबमोजिम पारित लिखतसमेत राखी धर्मपुत्र वा धर्मपुत्री राख्ने बाबु वा आमा<br>- बाबु, आमा र वंशजतर्फ कोही पनि नभएकाको हकमा सम्बन्धित वडा सदस्यको सिफारिसका आधारमा सम्बन्धित गाउँपालिकाको अध्यक्ष वा उपाध्यक्ष र निजहरूको पद रिक्त भएको अवस्थामा गाउँपालिका सचिव र नगरपालिकाको क्षेत्रभित्रको व्यक्तिको हकमा सम्बन्धित वडा सदस्यको सिफारिसका आधारमा सम्बन्धित नगरपालिकाको प्रमुख वा उपप्रमुख र निजहरूको पद रिक्त भएको अवस्थामा सम्बन्धित वडा सचिवको सिफारिसका आधारमा कार्यकारी अधिकृत र वडा सचिवको व्यवस्था नभएको नगरपालिकाको हकमा कार्यकारी अधिकृत । |
| मृत्यु | - परिवारको मुख्य व्यक्ति र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्ति<br>- आमा, बाबुको मृत्यु भएको सूचना दिने कर्तव्य भएको व्यक्ति नभएको अवस्थामा विवाहित छोरीसमेत<br>- विवाहित दिदी/बहिनीको मृत्युका सम्बन्धमा वंशजतर्फ कोही पनि नभएको प्रमाणित भएको खण्डमा माइतीतर्फका दाजु/भाइसमेत<br>- बाबु, आमा र वंशजतर्फ कोही पनि नभएकाको हकमा सम्बन्धित वडा सदस्यको सिफारिसका आधारमा सम्बन्धित गाउँपालिकाको अध्यक्ष वा उपाध्यक्ष र निजहरूको पद रिक्त भएको अवस्थामा गाउँपालिका सचिव र नगरपालिकाको क्षेत्रभित्रको व्यक्तिको हकमा सम्बन्धित वडा सदस्यको सिफारिसका आधारमा सम्बन्धित नगरपालिकाको प्रमुख वा उपप्रमुख र निजहरूको पद रिक्त भएको अवस्थामा सम्बन्धित वडा सचिवको सिफारिसका आधारमा कार्यकारी अधिकृत र वडा सचिवको व्यवस्था नभएको नगरपालिकाको हकमा कार्यकारी अधिकृत । |

| व्यक्तिगत घटना | सूचक बन्न सक्ने व्यक्ति |
|---|---|
| विवाह | - श्रीमान् र श्रीमती दुवै<br>- बेपत्ता भएका नागरिकको विवाह दर्ता गर्न श्रीमान् वा श्रीमती एक्लै (सरजमिन मुचुल्कासहित), श्रीमान्ले विवाह दर्ता गर्न इन्कार गरेको अवस्थामा नाता कायम प्रमाणपत्र वा अदालतको फैसलाको प्रमाणपत्र भएमा श्रीमती एक्लैले । |
| सम्बन्ध बिच्छेद | - श्रीमान् वा श्रीमतीमध्ये कुनै एक (तर अदालतले सम्बन्ध विच्छेदको फैसला गरेको कागजात जरुरी हुन्छ ।)<br>- दौत्य सम्बन्ध भएको मुलुकको अदालतमा सम्बन्ध विच्छेद गर्ने नेपाली नागरिकको हकमा राजदूतावासबाट प्रमाणित अदालतको फैसलाका आधारमा श्रीमान् वा श्रीमतीले |
| बसाइँ सराइ | - परिवार सबै बसाइँ सराइ गर्ने भए परिवारको मुख्य व्यक्तिले<br>- व्यक्ति एक्लै बसाइँ सराइ गर्ने भए व्यक्ति स्वयम्ले । |

# व्यक्तिगत घटना दर्ताको वार्षिक अभिलेख (२०६०-२०७२)

| क्र.सं. | साल | जन्म | मृत्यु | विवाह | बसाइँ सराइ | सम्बन्ध विच्छेद | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | २०६० | ६२०५९५ | ७१०३१ | १४३०९७ | ५६२४३ | ९७ | ८९१०६३ |
| २ | २०६१ | ६००३९५ | ७३५९२ | १२५६४४ | ४४७०७ | १३७ | ८४४४७५ |
| ३ | २०६२ | ७९०७२२ | ८४५२१ | ११३६७९ | ६४४८३ | १८४ | १०५३५८९ |
| ४ | २०६३ | ९९१५८२ | १०५४०४ | ४६७४३६ | ९५५३५ | १७९ | १६६०१३६ |
| ५ | २०६४ | ३९०६०४ | ७६८६३ | १२५७९० | ४९१३५ | १६५ | ६४२५५७ |
| ६ | २०६५ | ४४५८६७ | ९३०६८ | १२४५७५ | ५९०११ | १८१ | ७२२७०२ |
| ७ | २०६६ | ५२५७१५ | ८६६६७ | १४४९९२ | ६९७१३ | २५७ | ८२७३४४ |
| ८ | २०६७ | ७२७५९१ | ९८६१९ | १८५४४९ | ८६१०४ | ३३८ | १०९८१०१ |
| ९ | २०६८ | ५५९४४० | १२०४२७ | १७८१९६ | ९०५५८ | ४०७ | ९४९०२८ |
| १० | २०६९ | ७५९४३२ | १०५४४० | १९४२९४ | ८१२९८ | ५२२ | ११४०९८६ |
| ११ | २०७० | ५७३३९१ | ६१७५२ | १६४९९४ | ४५२४८ | ३९४ | ८४५७७९ |
| १२ | २०७१ | ८८०८१५ | ११४६०७ | २२७१५२ | १२१८६० | १३७५ | १३४०७२२ |
| १३ | २०७२ | ६००७९६ | ९४६९१ | १५८७९५ | ६९८२७ | १०६५ | ९२५१७४ |
| जम्मा | | १२०७६२०० | १८९५५५४ | ३०५७४७५ | १२५२२१५ | ३६२४ | १८२८५०६८ |

स्रोत : केन्द्रीय पञ्जिकरण विभाग, नेपाल सरकार

कानुनी सहयोग तथा परामर्श केन्द्र (LACC)
मानभवन, ललितपुर नेपाल
फोन : ५५४३१११, ५५४२९९९
फ्याक्स +९७७ १ ५५५२८१४
E-mail : lacc@wlink.com.np

OXFAM
अक्सफाम नेपाल कार्यालय
जावलाखेल-२०, ललितपुर, नेपाल | टेलिफोन नं : +९७७ १ ५५४२८८१
फ्याक्स : +९७७ १ ५५२३१९७
Website: www.nepal.oxfam.org | www.twitter.com/OxfamInNepal
www.facebook.com/OxfamInNepal